महालेखापरीक्षकको त्रिसठ्ठिऔँ वार्षिक प्रतिवेदन २०८३

इन्फोग्राफिक्स

(Infographics on the Auditor General's 63rd Annual Report)



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

महालेखापरीक्षकको
त्रिसट्ठिऔँ वार्षिक प्रतिवेदन
२०८३

इन्फोग्राफिक्स

(Infographics on the Auditor General's 63rd Annual Report)



महालेखापरीक्षकको कार्यालय

अनामनगर, काठमाडौँ

नेपाल

दूरदृष्टि
(VISION)



जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be a Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)



स्वतन्त्र एवम् गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide Independent and Quality Audit Service)

मूल्य मान्यता
(Core Values)



स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २९४(१) बमोजिम सम्माननीय राष्ट्रपतिज्यूसमक्ष २०८३।२।१ मा महालेखापरीक्षकको त्रिसट्टिऔँ वार्षिक प्रतिवेदन पेस गरेको छु। नेपालको संविधानको धारा २९४(२) तथा लेखापरीक्षण ऐन, २०७५ को दफा १९ (१) मा उल्लिखित विषयहरू समावेश गरी वार्षिक प्रतिवेदन तयार गरिएको र धारा २९४(३) बमोजिम प्रदेशको काम कारबाहीका सम्बन्धमा अलग अलग प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम लेखापरीक्षण सम्पन्न भएका स्थानीय तहको प्रतिवेदन सम्बन्धित स्थानीय तहमा जारी गरिएको छ। सङ्गठित संस्था र सङ्घीय कानुनद्वारा तोकिएका निकायको प्रतिवेदन र विषय छनोटको आधारमा गरिएको कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण प्रतिवेदनसमेत प्रकाशन गरिएको छ । प्रतिवेदनमा देखिएका प्रमुख बेहोरा सम्बन्धित मन्त्रालयगत खण्डमा समावेश गरिएका छन्। त्यसै गरी सार्वजनिक निकायबाट भएका काम कारबाहीको बारेमा सरोकारवालालाई सुसूचित गराउन वार्षिक प्रतिवेदनका सारभूत विषयहरू समावेश गरी वार्षिक प्रतिवेदनको सारांशसमेत तयार पारिएको छ । सार्वजनिक खर्चको पारदर्शिता, जवाफदेहिता र सुशासन प्रवर्धन गर्ने हाम्रो साझा लक्ष्यतर्फ अग्रसर रहँदै, महालेखापरीक्षकको कार्यालयबाट त्रिसट्टिऔँ वार्षिक प्रतिवेदनसँग सम्बन्धित यो इन्फोग्राफिक प्रतिवेदन तयार गरिएको छ।

सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारीलाई ग्राफिक्सको माध्यमबाट छिटो, छरितो र स्पष्ट रूपमा लक्षित समूहमा सम्प्रेषण गर्ने विधि नै इन्फोग्राफिक्स हो । इन्फोग्राफिक्स दृश्यको माध्यमबाट सूचना, तथ्याङ्क, ज्ञान तथा जानकारी सहज रूपमा सम्प्रेषण गर्ने यो एक उत्तम विधि हो । यसमा आइकनहरू, अङ्कहरू, पाठहरू, तस्वीर र चित्रमार्फत लक्षित वर्गमा सन्देश सम्प्रेषण हुने गर्दछ । साथै यसले सङ्गठनको लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीतिलाई सहजरूपमा प्रस्तुत गर्नसमेत सहयोग गर्दछ ।महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा उल्लेख गरिएका प्रमुख बेहोराहरूलाई छिटो, छरितो र स्पष्ट रूपमा लक्षित समूहमा सम्प्रेषण गर्ने हेतुले यो इन्फोग्राफिक्स प्रतिवेदन तयार पारिएको छ ।

यस इन्फोग्राफिक्समा उल्लिखित जानकारी, तथ्याङ्क, सूचनाहरूको विस्तृत विवरण महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको सम्बन्धित मन्त्रालय अन्तर्गत तत् तत् खण्डमा रहेका छन् । यसबाट महालेखापरीक्षकको वार्षिक प्रतिवेदनमा समावेश भएका जानकारी, तथ्याङ्क तथा सूचनाहरूलाई सहज एवं प्रभावकारीरूपले पाठकमैत्री हुने गरी सर्वसाधारणको पहुँचमा पुऱ्याउन मद्दत पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा, यस प्रतिवेदनको तयारीमा संलग्न सबै कर्मचारीलाई धन्यवाद व्यक्त गर्दछु ।

आषाढ, २०८३

(तोयम राया)
महालेखापरीक्षक

विषय-सूची

महालेखापरीक्षकको भनाइ

संवैधानिक तथा कानुनी व्यवस्था ७

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा ८

परिच्छेद १ लेखापरीक्षण गरिएका निकायको विवरण ११

परिच्छेद २ लेखापरीक्षणबाट देखिएका बेरूजु स्थिति १४

परिच्छेद ३ लेखापरीक्षणबाट देखिएको प्रमुख बेहोराको सारांश १९

- सङ्घीय मन्त्रालय तथा निकाय २३
- कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण ३१
- प्रदेश मन्त्रालय तथा निकाय ३५
- स्थानीय तह ४३

परिच्छेद ४ लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति ४७

परिच्छेद ५ भविष्यमा गर्नुपर्ने सुधार ५१

महालेखापरीक्षकको दृष्टिमा सार्वजनिक उत्तरदायित्व

शासकीय प्रबन्ध

- सबै कानुन संविधान अनुकूल हुने गरी परिमार्जन वा तर्जुमा गर्नुपर्ने,
- सूचना प्रविधि, जग्गा प्राप्ति र पुरातात्विक वस्तु खरिद तथा पुनर्निर्माण सम्बन्धी खरिदमा समयानुकूल सुधार गर्नुपर्ने,
- सबै सरकारी कोषलाई संवैधानिक एवं कानुनी प्रावधानबमोजिम सञ्चालन गर्नुपर्ने,
- संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट र कार्यविभाजनलाई व्यवहारमा स्पष्ट पार्नुपर्ने,
- नियामक निकायहरूको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने,
- तालुक वा नियमनकारी निकायले प्रदान गर्ने राय/सहमतिमा एकरुपताका लागि मापदण्ड तयार गर्नुपर्ने,
- संघीयता कार्यान्वयनका लागि गठित परिषद्हरूको भूमिका प्रभावकारी बनाउनुपर्ने।

अर्थतन्त्र

- आन्तरिक उत्पादन वृद्धि गर्न स्पष्ट नीति तय गर्नुपर्ने,
- डिजिटल भुक्तानी प्रणालीको विस्तार गरी सबै आर्थिक क्रियाकलाप औपचारिक दायरामा ल्याउनुपर्ने,
- गुणस्तरीय पर्यटकीय पूर्वाधार निर्माण गरी वैदेशिक मुद्रा आर्जनमा जोड दिनुपर्ने,
- निजी र वैदेशिक लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउनुपर्ने,
- प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्ने,
- कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुपर्ने,
- जटिल र बहुदरयुक्त कर संरचनामा पुनरावलोकन गर्नुपर्ने,
- आयोजनाहरूमा दिइएको कर छुटको प्रभाव विश्लेषण गर्नुपर्ने,
- निर्यातमुखी क्षेत्रको उत्पादन र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नुपर्ने।

सार्वजनिक प्रशासन

- बहुसिपयुक्त जनशक्ति तयार गर्न पेसागत शिक्षा र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सेवा आकर्षण गर्न तथा जनशक्ति व्यवस्थापन गर्न दरबन्दीमा पुनरावलोकन गर्नुपर्ने
- निकायगत जनशक्ति बढी भएमा अन्य निकायमा समायोजन गर्ने व्यवस्था मिलाउनुपर्ने
- विद्यालय शिक्षामा गुणस्तरीयता ल्याउन उत्प्रेरक कार्यसम्पादन प्रणाली लागु गर्नुपर्ने
- थप अध्ययन र परीक्षण गरी कर्मचारीमा उत्प्रेरक विधि लागु गर्नुपर्ने
- कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने
- कार्यसमयमा लचकता तथा बहु कार्यालयको जिम्मेवारी दिने सम्बन्धी व्यवस्था गर्नुपर्ने
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्नुपर्ने,
- विषय विज्ञताका आधारमा संस्थानका सञ्चालक चयन गर्नुपर्ने।

सार्वजनिक सम्पत्ति व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन भरपर्दो र पारदर्शी बनाउनुपर्ने,
- मौजुदा जिन्सी सामान तथा उपकरण मर्मत गरेर उपयोग हुन नसक्ने यकिनपश्चात् मात्र नयाँ खरिद गर्नुपर्ने,
- सम्पन्न/विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी अन्यत्र हस्तान्तरण गर्नुपर्ने,
- राष्ट्रिय महत्त्वका अभिलेख/दस्तावेजको डिजिटाइजेसनलगायतका विधि प्रयोग गरी सुरक्षित राख्नुपर्ने,
- सार्वजनिक र गुठी जग्गाको संरक्षण र अत्युत्तम उपयोग हुने व्यवस्था मिलाउनुपर्ने,
- मुआब्जा वितरण भइसकेका जग्गा सरकारी स्वामित्वमा ल्याई सोको अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने,
- प्राकृतिक स्रोतको नक्साङ्कन, पहिचान, अभिलेख र उपयोगको कानुनी/नीतिगत प्रबन्ध मिलाउनुपर्ने,
- निकायको कानुनी मान्यता समाप्त भएमा सोको जिन्सी र स्रेस्ता व्यवस्थापन गर्नुपर्ने।

सार्वजनिक वित्त व्यवस्थापन

- प्रतिफल दिने आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- सामाजिक सुरक्षा कार्यक्रमको दीर्घकालीन दायित्वलाई अनुमानयोग्य बनाउनुपर्ने,
- अनुत्पादक र वितरणमुखी खर्च नियोजन गर्नुपर्ने,
- राष्ट्रिय आवश्यकता र बजेट प्रणालीभित्र समेटेर मात्र वैदेशिक सहायता स्वीकार गर्नुपर्ने,
- आन्तरिक ऋण कम लागतमा उपयोग गर्न विश्लेषण गर्नुपर्ने,
- अनुदान वितरणलाई उत्पादन र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्ने,
- आन्तरिक र अन्तिम लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय मापनयोग्य बनाउनुपर्ने,
- गैरबजेटरी निकायको कारोबारसमेत समेटी एकीकृत वित्तीय विवरण तयार गर्नुपर्ने।

विकास व्यवस्थापन

- आवधिक योजना र दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्ने,
- आयोजना बैङ्कमा रहेका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने,
- आयोजना प्रमुखको सरुवा व्यवस्थित गर्नुपर्ने,
- खरिद व्यवस्थापन पारदर्शी र मितव्ययी बनाउनुपर्ने,
- उपभोक्ता समितिबाट हुने निर्माण कार्यको गुणस्तर सुनिश्चित गर्नुपर्ने,
- प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्ने प्रणाली विकास गर्नुपर्ने,
- बाह्य परामर्श लिँदा लागत-लाभ विश्लेषणका आधारमा नवीन प्रविधि, सीप र ज्ञान हस्तान्तरण हुने गरी मापदण्ड निर्धारण गर्नुपर्ने।

सूचना प्रविधि

- सूचनाको सुरक्षा गर्न र साइबर सुरक्षाको लागि सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने,
- विद्युतीय प्रणाली र उपकरणको आवश्यकता पहिचान, विकास र खरिदका लागि मापदण्ड/नर्म्स तयार गर्नुपर्ने,
- सरकारी डिजिटल सेवाको सेवास्तर सम्झौता र गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्ने,
- एकीकृत डाटासेन्टर सञ्चालन गर्नुपर्ने,
- नागरिक सेवासँग प्रत्यक्ष नजोडिने निकायमा डिजिटल कार्यस्थल गर्न सक्ने व्यवस्था गर्नुपर्ने।

सुशासन

- मितव्ययिताको उदाहरण प्रस्तुत गर्ने कार्यालयलाई पुरस्कृत गर्नुपर्ने,
- कानुनबमोजिम मात्र सेवा सुविधा उपलब्ध गराउनुपर्ने,
- बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्नुपर्ने,
- नागरिक निगरानी, सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने,
- पदाधिकारी/कर्मचारीहरूलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति जवाफदेही बनाउनुपर्ने,
- सार्वजनिक सेवा नागरिकमैत्री बनाई पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने,
- सार्वजनिक संस्थानहरूको लेखापरीक्षण नियमित रुपमा गराउनुपर्ने।

संवैधानिक तथा कानुनी व्यवस्था



नेपालको संविधान

नेपालको संविधान धारा २४१ (१)	राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, सङ्घीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सोको कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायतका सबै सङ्घीय र प्रदेश सरकारी कार्यालयको लेखा कानूनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ ।
नेपालको संविधान धारा २४१ (२)	५० प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षणका लागि लेखापरीक्षक नियुक्त गर्दा महालेखापरीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था छ ।
नेपालको संविधान धारा २४१ (५)	कुनै कार्यालय वा संस्थाको लेखापरीक्षण सङ्घीय कानूनमा व्यवस्था गरी महालेखापरीक्षकबाट गर्न सकिने व्यवस्था छ।
नेपालको संविधान धारा २९४ (१)	यस संविधान बमोजिमका संवैधानिक निकायले आफूले गरेको काम कारबाहीको वार्षिक प्रतिवेदन राष्ट्रपति समक्ष पेश गर्ने र राष्ट्रपतिले प्रधानमन्त्री मार्फत त्यस्तो प्रतिवेदन सङ्घीय संसद समक्ष पेश गर्न लगाउने व्यवस्था छ ।

लेखापरीक्षण ऐन, २०७५

दफा ३	सरकारी कार्यालय, नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको पूर्ण स्वामित्व भएको संगठित संस्था र महालेखापरीक्षकबाट लेखापरीक्षण हुने भनी सङ्घीय कानूनद्वारा तोकिएका संस्था वा निकायको लेखापरीक्षण महालेखापरीक्षकबाट हुने व्यवस्था छ ।
दफा ४	महालेखापरीक्षकले अन्तिम लेखापरीक्षण गर्दा लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी अन्तिम लेखापरीक्षण गर्ने, तथ्यहरु दर्शाउने, विवचेना गर्ने, आलोचना गर्ने र आर्थिक विवरणउपर आवश्यकताअनुसार रायसहितको प्रतिवेदन जारी गर्ने अधिकार प्रदान गरेको छ ।
दफा ५	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा वित्तीय तथा विविध विषयको लेखापरीक्षण गर्न सक्ने क्षेत्र तोकेको छ ।
दफा ८	महालेखापरीक्षकले नियमतता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत हेरी लेखापरीक्षण गर्ने विषय उल्लेख छ ।
दफा ९	महालेखापरीक्षकले लेखापरीक्षण गर्दा औचित्यको दृष्टिकोणबाट परीक्षण गर्न सक्ने कुराहरु तोकिएको छ ।
दफा १९	महालेखापरीक्षकले वार्षिक प्रतिवेदनमा खुलाउनुपर्ने विषयसम्बन्धी प्रावधानहरूले लेखापरीक्षणको कानुनी आधारलाई स्पष्ट पारेको छ ।
दफा २१	महालेखापरीक्षकले लेखापरीक्षण प्रतिवेदनको कार्यान्वयनका लागि समयावधि तोक्ने, पुनः जाँच गर्ने र त्यस सम्बन्धमा सम्बन्धित निकायलाई आवश्यक निर्देशन दिन सक्ने व्यवस्था छ ।

लेखापरीक्षणको उद्देश्य, क्षेत्र, पद्धति र सीमा

लेखापरीक्षणको उद्देश्य

लेखापरीक्षणको मुख्य उद्देश्य सार्वजनिक स्रोतको प्राप्ति तथा उपयोगमा जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमार्फत सुशासन कायम गर्न योगदान गर्नु हो । उक्त उद्देश्य हासिल गर्न विशेषतः निम्न पक्षहरूको परीक्षण गरी प्राप्त तथ्य, देखिएका बेहोरा र सुझाउहरू समेटी सम्बन्धित निकाय तथा कार्यालयहरूलाई लेखापरीक्षण प्रतिवेदन जारी गरिएको छ :

वित्तीय लेखापरीक्षण



- लेखापरीक्षण गराउने निकायहरूबाट पेस भएको वित्तीय विवरणले आर्थिक कारोबारको सही र यथार्थ चित्रण गरेको छ वा छैन भनी परीक्षण गरिएको,
- आर्थिक कार्यविधि कानुन, लेखामान, लेखाको सिद्धान्त र नीतिबमोजिम वित्तीय विवरणको तयारी र प्रस्तुतीकरण, राजस्व निर्धारण, असुली, दाखिला र शोधभर्ना, सम्पत्ति, दायित्व, लगानीको अभिलेखीकरण, आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तता र प्रभावकारितालगायतका विषयहरूको परीक्षण गरिएको।

परिपालनाको लेखापरीक्षण



- परिपालनाको लेखापरीक्षणमा प्रचलित ऐन, नियम, मापदण्ड, निर्देशिका, र निर्णयको पालना भए, नभएको परीक्षण गरिएको,
- प्रचलित ऐन, नीति, मापदण्ड, निर्देशिका र निर्णयको परिपालना, सार्वजनिक खरिद, ठेक्का व्यवस्थापन, धरौटी, बेरूजु फर्स्यौट तथा राजस्व सङ्कलन, अन्तर-सरकारी राजस्व बाँडफाँट, अनुदान तथा रोयल्टीको उपयोग, निकासा र खर्चको औचित्य, आन्तरिक नियन्त्रणको पालना तथा नियमनको अवस्था लगायतका विषयहरूको परीक्षण गरिएको ।

कार्यमूलक लेखापरीक्षण



- सार्वजनिक स्रोत साधनको प्राप्ति, परिचालन र उपयोगमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता पक्षको परीक्षण गरिएको
- योजना कार्यान्वयनमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिताको मूल्याङ्कन, कार्यक्रमको लक्ष्य प्राप्ति, लागत-लाभ विश्लेषण र गुणस्तर, दिगो विकास लक्ष्यको प्राप्ति र उपलब्धि लगायतका विषयहरूको परीक्षण गरिएको

विशेष लेखापरीक्षण



- ६३औँ वार्षिक प्रतिवेदनमा कार्यमूलक लेखापरीक्षण मार्गदर्शनअनुसार राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयमा वातावरणीय लेखापरीक्षण र सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोबाट भएका निर्णय सम्बन्धमा विशेष लेखापरीक्षण गरिएको
- वातावरणसम्बन्धी कानुन, कार्यविधि, मानदण्डको पालना, वातावरणीय असर, सोको व्यवस्थापनका लागि गरेका प्रयत्न र सार्वजनिक खरिदसम्बन्धी विवादमा भएका प्रमुख निर्णयको अध्ययन, विश्लेषण गरिएको ।

लेखापरीक्षणको क्षेत्र

- नेपालको संविधानको धारा २४१ र लेखापरीक्षण ऐन, २०७५ को दफा ३ बमोजिम सङ्घ, प्रदेश र स्थानीय तहका सबै सरकारी निकाय, पूर्ण सरकारी स्वामित्वका सङ्गठित संस्थाहरु तथा सङ्घीय कानुनले तोकेका बोर्ड, प्राधिकरण, परिषद् र कोषहरु लेखापरीक्षणको क्षेत्रमा समेटिएका छन् ।
- नेपाल सरकारको अधिकांश स्वामित्व भएको सङ्गठित संस्थाको लेखापरीक्षक नियुक्त गर्दा परामर्श दिइएको छ ।
- आ.व. २०८१/८२ को वित्तीय विवरण, आर्थिक कारोवार, वक्यौता, सम्पत्ति तथा दायित्वका साथै विभिन्न आयोजना, कार्यक्रम र विविध विषयसमेतको कार्यमूलक तथा विशेष लेखापरीक्षण गरिएको छ ।



लेखापरीक्षण पद्धति



- वार्षिक लेखापरीक्षण योजना र सोसँग सामञ्जस्य हुने गरी मन्त्रालय/निकायगत लेखापरीक्षण योजना तथा कार्यालयगत लेखापरीक्षण योजना तयार गरी लेखापरीक्षणलाई व्यवस्थित गरिएको,
- लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान तथा लेखापरीक्षण निर्देशिका, मार्गदर्शन, कार्यविधि र योजनाबमोजिम लेखापरीक्षण कार्यान्वयन गरी विद्युतीय पद्धतिमा आधारित नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (नाम्स) मा अभिलेखीकरण गरिएको
- जोखिममा आधारित लेखापरीक्षण पद्धति अवलम्बन गरिएको,
- निकायहरुलाई उच्च तथा न्यून जोखिममा वर्गीकरण गरी उच्च जोखिमयुक्त निकायहरुको विस्तृत परीक्षण विधिबाट न्यून जोखिमयुक्त निकायको लेखापरीक्षण मार्फत् संक्षिप्त विधिबाट सम्बन्धित कागजात नाम्स प्रणालीमा अपलोड गर्न लगाई दूर लेखापरीक्षण पद्धतिबाट सम्पन्न गरिएको,
- पर्याप्त र उचित प्रमाण सङ्कलन गरी सोको आधारमा लेखापरीक्षण प्रतिवेदन तयारी गरी आवश्यकताबमोजिम नतिजामूलक, पद्धतिमूलक प्रतिवेदन तयार गरिएको,
- सरोकारवाला/लाभग्राहीसँग छलफल, अन्तर्वार्ता, स्थलगत अवलोकन, प्रश्नावलीमार्फत् सूचना सङ्कलन गरी सङ्कलित सूचनाहरुको विश्लेषण गरी लेखापरीक्षण प्रतिवेदन तयार गरिएको,
- कार्यमूलक लेखापरीक्षणका केही विषयमा नागरिक सहभागितालाई निरन्तरता दिई उच्च तहको सुपरिवेक्षण, प्रारम्भिक प्रतिवेदन पुनरावलोकन र गुणस्तर नियन्त्रणलगायतका विधिमार्फत लेखापरीक्षणको गुणस्तर व्यवस्थापन गरिएको छ ।

लेखापरीक्षणका सीमा



लेखापरीक्षण सामान्यतः नमुनामा आधारित हुने, समय, स्रोत र जनशक्ति सीमित रहने तथा व्यवस्थापनले उपलब्ध गराएको सूचना र अभिलेखमा निर्भर रहनुपर्ने भएकाले सबै त्रुटि, कमजोरी वा जालसाजी पूर्णतः पत्ता लगाउन सम्भव हुँदैन । आन्तरिक नियन्त्रण प्रणालीका सीमितता, मिलेमतो, कानुनी अधिकार क्षेत्रको सीमा तथा प्रमाण उपलब्धता एवं विश्लेषणका जटिलता पनि लेखापरीक्षणका सीमा हुन् । लेखापरीक्षणले पूर्ण आश्वस्तता नभई उचित आश्वस्तता मात्र प्रदान गर्ने भएकाले यसले सबै आर्थिक कारोबार र कार्य सम्पादनमा अन्तरनिहित तथा नियन्त्रणमूलक जोखिमका असरलाई उजागार गर्न सक्दैन ।

प्रतिवेदन



लेखापरीक्षण ऐन, २०७५ को दफा १९(१) बमोजिम वार्षिक प्रतिवेदनका अतिरिक्त यो इन्फोग्राफिक्स तयार गरिएको छ । यसमा लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोरा, बेरूजु स्थिति, प्रतिवेदन कार्यान्वयनको स्थिति, सुधारका लागि सझाउहरु समेटिएका छन् । कार्यमूलक तथा विशेष लेखापरीक्षणका प्रमुख बेहोरालाई मात्र यस प्रतिवेदनमा समावेश गरिएको छ ।



लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकायको विवरण

संविधानबमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र सङ्गीय कानुनद्वारा तोकिएका अन्य कार्यालय वा निकायको वित्तीय कारोबार तथा सेवा प्रवाहको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको आधारमा परीक्षण गरी देखिएका व्यहोरा औंल्याई सार्वजनिक वित्तीय व्यवस्थापनमा सुधार एवम् जिम्मेवार पदाधिकारीहरूलाई वित्तीय जवाफदेहिता पालना गर्न राय/सुझाउसहितको प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको मूल उद्देश्य रहेको छ। लेखापरीक्षणको मूल उद्देश्य हासिल गर्न देहायका विषयसमेत समावेश गरी परीक्षण गरिएको छ।

५५२६	१५	१	१
वित्तीय लेखापरीक्षण	कार्यमूलक लेखापरीक्षण	वातावरणीय लेखापरीक्षण	विशेष लेखापरीक्षण

वित्तीय लेखापरीक्षण

(रू. करोडमा)



कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

कार्यमूलक लेखापरीक्षण १५

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन	सम्पत्ति प्राप्त गर्ने सम्बन्धित सरकारी कार्यालयहरू	अर्थ मन्त्रालय
वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता	वैकल्पिक ऊर्जा प्रवर्धन केन्द्र	ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालय
नेपाल कृषि अनुसन्धान परिषदको स्रोतसाधन प्रयोगको प्रभावकारिता	कृषि अनुसन्धान परिषद	कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता	राष्ट्रिय परिचयपत्र तथा केन्द्रीय पञ्जिकरण विभाग	गृह मन्त्रालय
पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति	आयोजना निर्देशनालय र अन्तर्गत कार्यालय (फिदिम र रामेछाप)	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
राष्ट्रिय राजमार्गहरूको मर्मत सम्भार स्थिति	सडक बोर्ड	भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति	राष्ट्रिय खेलकुद परिषद	युवा तथा खेलकुद मन्त्रालय
नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन अवस्था	नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता	शिक्षा तथा मानवस्रोत विकास केन्द्र	शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता	राष्ट्रिय व्यावसायिक प्रशिक्षण प्रतिष्ठान	श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह	निजामती कर्मचारी अस्पताल	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
स्थानीय तहको राजस्व प्रशासन र सञ्चलन प्रणाली	बागमती प्रदेशका १० र अन्य प्रदेशका २/२ गरी छनोट गरिएका २२ स्थानीय तह	सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन	पुरातत्व बिभाग	संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय
स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग	वीर अस्पताल र दृमा सेन्टर	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता	स्वास्थ्य बिमा बोर्ड	स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय
वातावरणीय लेखापरीक्षण		
राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव	चितवन र पर्सा राष्ट्रिय निकुञ्ज	वन तथा वातावरण मन्त्रालय
विशेष लेखापरीक्षण		
सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव		

वातावरणीय लेखापरीक्षण १

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव	चितवन र पर्सा राष्ट्रिय निकुञ्ज	वन तथा वातावरण मन्त्रालय

विशेष लेखापरीक्षण १

लेखापरीक्षणको विषय	सम्बन्धित निकाय	सम्बन्धित मन्त्रालय
सार्वजनिक खरिदमा मध्यस्थताको व्यवस्था र सोको प्रभाव	विभिन्न	विभिन्न



लेखापरीक्षणबाट देखिएको बेरूजु स्थिति

लेखापरीक्षणबाट देखिएको बेरूजु स्थिति

बेरूजु लेखापरीक्षण र बेरूजु अङ्क (आ. व. २०८१/८२)

कुल बेरूजु रू. ८८ अर्ब ९ करोड ११ लाख कायम भएको ।





अद्यावधिक बेरुजु

(रू. लाखमा)

सङ्घीय सरकारी कार्यालयहरु



प्रदेश सरकारी कार्यालयहरु

(रू. लाखमा)



स्थानीय तह

(रू. लाखमा)



समिति र अन्य संस्था (प्रदेश समेत)

(रू. लाखमा)



जम्मा अद्यावधिक बेरुजु

(रू. लाखमा)



लेखापरीक्षण र बेरुजु अङ्क



द्रष्टव्य : सङ्गठित तथा सङ्घीय कानुनद्वारा तोकिएका संस्था ४४ को ३४ आर्थिक वर्षको रु.४६ खर्ब ८८ अर्ब ९६ करोड ४ लाखको लेखापरीक्षण सम्पन्न गरिएको छ। सो को अतिरिक्त ४० संस्थाको ४६ आर्थिक वर्षको लागि परामर्श दिइएकोमा परामर्श दिइएका लेखापरीक्षकले रु.१८ खर्ब ३२ अर्ब ६१ करोड ८१ लाखको लेखापरीक्षण सम्पन्न गरेका छन्। सङ्गठित संस्थाको बेरुजु सम्बन्धित सङ्गठित संस्थाको बोर्डले नै फर्स्यौट गर्ने भएकोले त्यस्ता संस्थाको बेरुजुको रकमगत लगत राखिएको छैन ।

कारबाही टुङ्गो लगाउनुपर्ने रकम

(रू. लाखमा)

	गत वर्षसम्म	यस वर्ष थप/घट		अद्यावधिक रकम
लेखापरीक्षण बक्यौता (सङ्घ र प्रदेश)	८,७१,३४	- ९१,५३	=	७,७९,८१
राजस्व बक्यौता	४७,२,३४,९३	+ २,३७,००,९१	=	७,०९,३५,८४
शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान	६,२५,११	- ३,७३,५३	=	२,५१,५८
शोधभर्ना लिन बाँकी वैदेशिक ऋण	१४,३३,०३	+ १,३९,६७	=	१५,७२,७०
जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज	४९,३७,३७	+ ३,०८,७३	=	५२,४६,१०
जम्मा	५,५१,०१,७८	+ २,३६,८४,२५	=	७,८७,८६,०३

द्रष्टव्य : सङ्घीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, समिति र अन्य संस्थातर्फको बेरुजुका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रु.७ खर्ब ८७ अर्ब ८६ करोड ३ लाख रहेको छ ।

सङ्घीय सरकारी मन्त्रालय तथा निकायतर्फ यो वर्ष रकमगत बेरुजुको स्थिति १० मन्त्रालयमा कुल बेरुजुको ९७.३९ प्रतिशत र अन्यमा २.६१ प्रतिशत बेरुजु रहेको छ।



बढी बेरूजु हुने मन्त्रालयहरूको लेखापरीक्षण अङ्कको तुलनामा बेरूजु प्रतिशत



२०८१/८२ ले.प. अङ्कको तुलनामा बेरूजु १.८३%



- महालेखापरीक्षकको ६३औँ वार्षिक प्रतिवेदन
- महालेखापरीक्षकको आठौँ वार्षिक प्रतिवेदन (प्रदेश)
- स्थानीय तह लेखापरीक्षण प्रतिवेदन
- कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण
- सङ्गठित संस्थाको लेखापरीक्षण प्रतिवेदन
- लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

लेखापरीक्षणबाट देखिएका प्रमुख बेहोराको सारांश

राष्ट्रिय योजना आयोगबाट स्वीकृत सोह्रौं योजनाले राखेका लक्ष्य तथा उपलब्धिको स्थिति

आवधिक योजना कार्यान्वयन

	आधार वर्ष २०८०/८१	२०८१/८२ सम्मको लक्ष्य	२०८१/८२ को यथार्थ उपलब्धि
 वार्षिक औसत आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा, प्रतिशत)	३.३६	६	३.९९
 प्राथमिक क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	३.३५	३.३	३.२५
 द्वितीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	(0.03)	४.७	४.६५
 तृतीय क्षेत्रको वार्षिक औसत वृद्धिदर (प्रतिशत)	४.३५	४.२	४.२१
 वार्षिक औसत मुद्रास्फीति (प्रतिशत)	५.४४	५.७५	५.३०
 प्रतिव्यक्ति राष्ट्रिय आय (अमेरिकी डलरमा)	१४६७	१५१७	१५१७

	आधार वर्ष २०८०/८१	२०८१/८२ सम्मको लक्ष्य	२०८१/८२ को यथार्थ उपलब्धि
 निरपेक्ष गरिबीको रेखामुनिको जनसंख्या (प्रतिशत)	२०.३	१६	२०.२७
 मानव विकास सूचकाङ्क	०.६०५	०.६१८	०.६२२
 अपेक्षित आयु (जन्म हुँदाको समयमा,वर्ष)	७१.०	७१.९	७१.०
 साक्षरता दर (५ वर्ष माथि, प्रतिशत)	७६.२	८०	७७.५
 विद्युत उत्पादन (जडित क्षमता, मेगावाट)	३२४३	४५००	३९६०
 विद्युतमा पँहुच प्राप्त परिवार (प्रतिशत)	९७	१००	९७.१
 इन्टरनेट सेवामा पँहुच प्राप्त जनसंख्या (प्रतिशत)	६९.२	७८	७४.०

स्रोत: सोह्रौं योजना, मध्यमकालीन खर्च संरचना २०८१/८२

उल्लिखित विवरणअनुसार सोह्रौं योजनाको पहिलो वर्षमा समग्र आर्थिक वृद्धिदरको लक्ष्य ६ प्रतिशत रहेकोमा प्रगति ३.९९ प्रतिशत रहेको छ। क्षेत्रगत रूपमा प्राथमिक, द्वितीय र तृतीय क्षेत्रको वृद्धि दरको लक्ष्य क्रमशः ३.३, ४.७ र ४.२ प्रतिशत रहेकोमा प्रगति ३.२५ प्रतिशत, ४.६५ प्रतिशत र ४.२१ प्रतिशत रहेको छ। अपेक्षित आयु ७१.९ वर्ष, साक्षरता दर ८० प्रतिशत, विद्युत उत्पादन (जडित क्षमता) ४ हजार ५०० मेगावाट, विद्युतमा पहुँच प्राप्त परिवार शतप्रतिशत, इन्टरनेट सेवामा पहुँच प्राप्त जनसङ्ख्या ७८ प्रतिशत पुग्ने लक्ष्य रहेकोमा क्रमशः ७१ वर्ष, ७७.५ प्रतिशत, ३ हजार ९६० मेगावाट, ९७.१ प्रतिशत र ७४ प्रतिशत उपलब्धि हासिल भएको छ।

राजस्व अनुमान र असुली

अर्थ मन्त्रालयबाट प्राप्त विवरण अनुसार २०८१।८२ मा रू.१४ खर्ब १९ अर्ब ३० करोड राजस्व सङ्कलनको लक्ष्य रहेकोमा रू.११ खर्ब ९६ अर्ब १९ करोड (८४.२८ प्रतिशत) असुली भएको छ ।



स्रोत: अर्थ मन्त्रालय



सङ्घीय मन्त्रालय तथा निकाय

सरकारी बजेट र राजस्व कार्यान्वयन स्थिति

सरकारी बजेट तथा खर्च

आर्थिक वर्ष २०८१।८२ को संघीय सरकारको शीर्षकगत/क्षेत्रगत बजेट अनुमान र यथार्थ खर्च निम्नानुसार छ :



(रू. लाखमा)



स्रोत: महालेखा नियन्त्रक कार्यालय

खर्चको स्थिति

यो वर्षको कुल चालु र पुँजीगत खर्चमध्ये रकमको आधारमा बढी खर्च गर्ने १० सङ्घीय मन्त्रालय तथा अन्य निकायको खर्चको स्थिति निम्नानुसार छ:

चालु खर्च



पुँजीगत खर्च



स्रोत: महालेखा नियन्त्रक कार्यालय

दृष्टव्य: चालु र पुँजीगत खर्चबाहेक वित्तीय व्यवस्था खर्च रु. २ खर्ब ७२ अर्ब २५ करोड रहेको छ।
७ प्रदेश र ७५३ स्थानीय तहलाई गएको अनुदान रकमसमेत अन्य निकायको चालु खर्चतर्फ समावेश रहेको छ।

स्रोतगत खर्च

महालेखा नियन्त्रक कार्यालयबाट प्राप्त विवरणअनुसार संघीय सरकारको २०८१।८२ को अनुमान र यथार्थ खर्चको स्रोतगत विवरण निम्नानुसार छ:

(रु. लाखमा)



२०८१/८२ मा रकमान्तर



कुल बजेट

रू.१८ खर्ब ६० अर्ब ३० करोड ३० लाख



रकमान्तर

यो वर्ष पहिलो त्रैमासिक अवधिमा रू. २१ करोड २६ लाख ८७ हजार रकमान्तर भएको छ ।

रू. ४६ अर्ब ६७ करोड ७७ लाख (२.५१ प्रतिशत) रकमान्तर

आषाढ महिनामा **रू. १८ अर्ब २१ करोड ८९ लाख**

आषाढ अन्तिम हप्तामा **रू. ७९ करोड १३ लाख ४६ हजार** रकमान्तर गरी विभिन्न उपशीर्षकमा रकम थपघट गरेको छ।

राष्ट्रिय गौरवका आयोजना

नेपाल सरकारले २०६८।६९ मा समृद्ध नेपालको लागि सडक पूर्वाधार विकासको आधारशीला निर्माण गर्ने, सिँचाइ सुविधामार्फत कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व बढाउने, जलविद्युत, विमानस्थल निर्माण, खानेपानी व्यवस्था, सांस्कृतिक सम्पदाको संरक्षण लगायतका क्षेत्रमा महत्त्वपूर्ण देखिएका १७ आयोजनालाई उच्च प्राथमिकतामा राखी कार्यान्वयन गर्ने राष्ट्रिय गौरवका आयोजना घोषणा गरेको छ। यो वर्षसम्म यस्ता आयोजनाको संख्या २७ पुगेको देखिन्छ। राष्ट्रिय गौरवका आयोजनाहरुको २०८१।८२ सम्मको खर्च र प्रगति स्थिति निम्नानुसार छ ।

सम्पन्न भएका आयोजना

(रु. करोडमा)



माथिल्लो तामाकोशी जलविद्युत आयोजना

शुरु वर्ष: **२०६७/६८**

भौतिक प्रगति: **१००%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
४९२९ *(संशोधन समेत)*	**0**	**५२९८**

सम्पन्न



गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल*

शुरु वर्ष: **२०७१/७२**

भौतिक प्रगति: **१००%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३०९१ *(संशोधन समेत)*	**0**	**२९९३**

सम्पन्न



पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल*

शुरु वर्ष: **२०७४/७५**

भौतिक प्रगति: **१००%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२४८६ *(संशोधन समेत)*	**0**	**२४५८**

सम्पन्न

प्रगति ८०% वा बढी भएका आयोजना

(रु. करोडमा)



पुष्पलाल लोकमार्ग आयोजना (मध्यपहाडी)

शुरु वर्ष: **२०६४/६५**

भौतिक प्रगति: **८१.७३%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
८४३३ *(संशोधन समेत)*	**३१७**	**७२३४**

सम्पन्न हुने वर्ष: **२०८४/८५**



बबई सिँचाइ आयोजना

शुरु वर्ष: **२०४५/४६**

भौतिक प्रगति: **८२.२७%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१८९६.३ *(संशोधन समेत)*	**२३७**	**१५८०.९२**

सम्पन्न हुने वर्ष: **२०८२/८३**



लुम्बिनी विकास कोष

शुरु वर्ष: **२०६९/७०**

भौतिक प्रगति: **८९%**

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१३२६ *(संशोधन समेत)*	**४२**	**८३१**

सम्पन्न हुने वर्ष: **२०८३/८४**

प्रगति ८०% वा बढी भएका आयोजना

(रु. करोडमा)



कालीगण्डकी कोरिडोर
(गैडाकोट कोरला सडक खण्ड)

२०६६/६७ शुरु वर्ष

८२.४३% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३५७९ *(संशोधन समेत)*	३०५	२२०९



मेलम्ची खानेपानी आयोजना
(दोस्रो चरणसमेत)*

२०५५/५६ शुरु वर्ष

९९% (पहिलो चरण), १२.४७% (दोस्रो चरण) भौतिक प्रगति

२०८७/८८ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२८७९	४४	३२३५

५०% देखि ८०% सम्म प्रगति भएका आयोजना

(रु. करोडमा)



रानी जमरा कुलरिया
सिँचाइ आयोजना

२०६७/६८ शुरु वर्ष

७४.७६% भौतिक प्रगति

२०८२/८३ सम्पन्न हुनुपर्ने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७७०.२४	१५५	२१५८.६८



हुलाकी लोकमार्ग
आयोजना

२०६६/६७ शुरु वर्ष

७२.७५% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१०१६३ *(संशोधन समेत)*	६९७	७१८४



पशुपति क्षेत्र विकास कोष*

२०७०/७१ शुरु वर्ष

लागत अनुमान	भौतिक प्रगति	यो वर्षको खर्च	हालसम्मको खर्च	
२२७ *(संशोधन समेत)*	७८%	नखुलेको	नखुलेको	निरन्तर



भेरी बबई डाइभर्सन
बहुउद्देश्यीय आयोजना
(भेरी करिडोर सिँचाइ बाहेक)*

२०६८/६९ शुरु वर्ष

६९% भौतिक प्रगति

२०८४/८५ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३३१९.६६ *(संशोधन समेत)*	१९६	१८४६

प्रगति ५०% भन्दा कम

(रु. करोडमा)



कोशी कोरिडोर
(खाँदबारीदेखि किमाथांका)

२०६५/६६ शुरु वर्ष

४५% भौतिक प्रगति

२०८५/८६ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१६२० *(संशोधन समेत)*	११०	६६८

प्रगति ५०% भन्दा कम

(रु. करोडमा)



सिक्टा सिँचाइ आयोजना

२०६१/६२ शुरु वर्ष

४४.२३% भौतिक प्रगति

२०८४/८० सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
५२६४ *(संशोधन समेत)*	**१४३**	**२२९१.४७**



काठमाडौं तराई मधेश द्रुतमार्ग

२०६४/६५ शुरु वर्ष

४२.१३% भौतिक प्रगति

२०८३/८४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२११९३ *(संशोधन समेत)*	**१३४५**	**८०५६**



सुनकोशी मरिन डाइभर्सन बहुउद्देश्यीय आयोजना

२०७३/७४ शुरु वर्ष

३६.८३% भौतिक प्रगति

२०८५/८६ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
४८४२.३१ *(संशोधन समेत)*	**१२१**	**१६५७.४९**



कर्णाली कोरिडोर (खुलालु-हिल्सा-सिमिकोट-सलिसल्ला)

२०६९/७० शुरु वर्ष

२०.७५% भौतिक प्रगति

२०८४/८५ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१८६६ *(संशोधन समेत)*	**७७**	**३२९**



बुढीगण्डकी जलविद्युत आयोजना

२०६९/७० शुरु वर्ष

१६.५५% भौतिक प्रगति

२०८५/८६ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
३९८०२ *(संशोधन समेत)*	**२४६**	**४५११**



विद्युत प्रसारण आयोजना (डलर मिलियन)

२०७४/७५ शुरु वर्ष

११.२७% भौतिक प्रगति

२०८५/८६ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
६८७ *(संशोधन समेत)*	**३६.७८**	**८८.१५**



राष्ट्रपति चुरे तराई मधेश संरक्षण विकास समिति

२०७१/७२ शुरु वर्ष

६.३९% भौतिक प्रगति

२०९३/९४ सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२४९७२ *(संशोधन समेत)*	**९१.२४**	**१५८७.२४**

सुरु नभएको

सुरू नभएको
भौतिक प्रगति



पश्चिम सेती जलविद्युत आयोजना

सन् २०२५
प्रस्तावित

सन् २०३०
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
२७३८५ *(संशोधन समेत)*	**0**	**0**

भौतिक प्रगति प्रतिशत नखुलेको

नखुलेको
भौतिक प्रगति



रेल, मेट्रो रेल तथा मोनो रेल विकास आयोजना

२०६५/६६
प्रस्तावित

नखुलेको
सम्पन्न हुने वर्ष

लागत अनुमान	यो वर्षको खर्च	हाल सम्मको खर्च
१४२५०० *(संशोधन समेत)*	**७७**	**३४२२**

भौतिक प्रगति प्रतिशत नखुलेको

(रु. करोडमा)



मूलपानी क्रिकेट एकेडमी तथा रंगशाला

२०८०/८१	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
शुरु वर्ष	लागत अनुमान *(संशोधन समेत)*	यो वर्षको खर्च	हालसम्मको खर्च	सम्पन्न हुने वर्ष



गिरिजा प्रसाद कोइराला क्रिकेट रंगशाला

२०८०/८१	नखुलेको	नखुलेको	नखुलेको	२०८५/८६
शुरु वर्ष	लागत अनुमान *(संशोधन समेत)*	यो वर्षको खर्च	हालसम्मको खर्च	सम्पन्न हुने वर्ष



गौतम बुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशाला

२०८०/८१	नखुलेको	नखुलेको	नखुलेको	नखुलेको
शुरु वर्ष	लागत अनुमान *(संशोधन समेत)*	यो वर्षको खर्च	हालसम्मको खर्च	

राष्ट्रिय योजना आयोगबाट प्राप्त विवरणअनुसार यो वर्ष सम्म २७ राष्ट्रिय गौरवका आयोजनाको संशोधित लागत अनुमान रु.२४ खर्ब १५ अर्ब ६ करोड ९७ लाख र ६९.७ करोड अमेरिकी डलर रहेकोमा २०८१।८२ सम्म सम्पन्न भएका गौतमबुद्ध विमानस्थल, माथिल्लो तामाकोशी जलविद्युत आयोजना र पोखरा क्षेत्रीय अन्तराष्ट्रिय विमानस्थल बाहेकमा हालसम्म रु.५ खर्ब ४ अर्ब ५५ करोड खर्च भएको देखिन्छ। राष्ट्रिय गौरवका २७ आयोजनामध्ये सम्पन्न भएका ३ आयोजना, समष्टिगत भौतिक प्रगति ८० प्रतिशत वा सोभन्दा माथि हासिल गर्ने ५ आयोजना, ५० देखि ८० प्रतिशत हासिल गर्ने ४ आयोजना रहेका छन् भने ५० प्रतिशतभन्दा न्यून प्रगति हासिल गर्ने आयोजना ९ तथा भौतिक प्रगति नखुलेका ४ आयोजना तथा सुरु नभएका २ आयोजना रहेका छन्। आर्थिक वर्ष २०७८।७९ सम्म सम्पन्न गर्नपर्ने अवधि रहेको पशुपति क्षेत्र विकास कोषको हालसम्मको प्रगति खुलासा गरेको छैन भने सम्पन्न हुने अवधि समेत तोकिएको छैन। अधिकांश आयोजनाहरु कार्यक्षेत्र थप गर्दै जाने तथा सुरु निर्माण सम्पन्न गर्नुपर्ने अवधिमा सम्पन्न नभई म्याद थप गर्दै लगेको देखिन्छ। तोकिएको अवधिमा सम्पन्न हुने गरी आयोजना व्यवस्थापन हुनुपर्दछ।

कार्यमूलक तथा विविध विषयको लेखापरीक्षण

कार्यमूलक लेखापरीक्षण

काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन



काठमाडौं उपत्यका भित्रका सम्पदाको अभिलेख र व्यवस्थापन विषयको लेखापरीक्षणबाट सम्पदासँग सम्बन्धित नीतिगत, कानुनी एवं प्रक्रियागत सामञ्जस्यता नभएको, सम्पदाहरूको अभिलेख तथा वर्गीकरण व्यवस्थित हुन नसकेको, सम्पदा संरक्षणका लागि रणनीति तथा गुरुयोजना बनाई प्रभावकारी कार्यान्वयन नभएको, पर्याप्त स्रोतसाधनको व्यवस्था हुन नसकेको, जग्गा स्वामित्वको विषयमा विवाद रहेको, चोरी तस्करी एवं अतिक्रमण नियन्त्रण गर्न नसकेको लगायतका कमी, कमजोरीले सम्पदा संरक्षण र उपयोग प्रभावकारी नदेखिएको लगायतका बेहोरा देखिएका छन्।

खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति



खेल पूर्वाधार विकास तथा उपयोगको स्थिति विषयको लेखापरीक्षणबाट खेल पूर्वाधारको समग्र प्रणालीगत कमजोरीहरू रहेको, कानुन, कार्यविधि तथा मापदण्ड समयमै स्वीकृत र कार्यान्वयन हुन नसकेको, पूर्वाधार निर्माणमा दीर्घकालीन योजना र मापदण्डको अभाव रहेको, बजेट विनियोजन अनुसार खर्च हुन नसकेको तथा सम्पत्तिको अभिलेख, उपयोग संरक्षणमा कमजोरी रहेको, अन्तर्राष्ट्रिय मापदण्डअनुसारका पूर्वाधार अभाव, अन्तर तह तथा अन्तर निकाय समन्वय तथा सहकार्यको अभाव, न्यून निजी क्षेत्रको सहभागिता र प्रभावकारी अनुगमन प्रणालीको अभाव लगायतका बेहोराहरू देखिएका छन्।

निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह



निजामती कर्मचारी अस्पतालको सेवा प्रवाह विषयको लेखापरीक्षणबाट बिरामीको चापअनुसार अन्तरङ्ग तथा बहिरङ्ग सेवा उपलब्ध नभएको, सीमित शल्यचिकित्सक, एनेस्थेसिया तथा नर्सिङ जनशक्ति र आधुनिक उपकरणको कमीले कार्डियो र न्युरो सर्जरीजस्ता विशिष्टीकृत सेवा अस्पतालबाट उपलब्ध हुन नसकेको, निजामती कर्मचारी र सर्वसाधारणलाई अलग अलग सेवा प्रवाह गर्न नसकेको, स्वास्थ्य उपकरणको नियमित मर्मत सम्भार हुन नसकेको, अस्पतालमा उपलब्ध ३० शय्या सहितको आकस्मिक कक्षमा नर्सिङ जनशक्ति कमी रहेको, आकस्मिक उपचारको लागि छुट्टै भिडियो एक्सरे मेसिन उपलब्ध नभएको, सिटी स्क्यान मेसिन नियमित सञ्चालनमा नरहेको र आकस्मिक बिरामीका लागि छुट्टै ल्याबको व्यवस्था नभएको, अन्तरङ्ग सेवामा निजामती कर्मचारीका लागि शय्याको प्राथमिकता वा कोटा निर्धारणसम्बन्धी स्पष्ट नीति तथा कार्यविधि नरहेको लगायतका बेहोराहरू देखिएका छन्।

नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता



नेपाल कृषि अनुसन्धान परिषद्को स्रोतसाधन प्रयोगको प्रभावकारिता विषयक कार्यमूलक लेखापरीक्षणबाट जलवायु परिवर्तनका कारण कृषि क्षेत्रमा परेका असर र जनताको जीवनशैली परिवर्तनसँगै खाद्यान्नमा आएको संरचनागत परिवर्तनलाई सम्बोधन गर्न पूर्वाधार, जनशक्ति र अनुसन्धानमा परिषद्ले प्रयास गरिरहेको भए तापनि कृषि अनुसन्धानको लागि स्थापित नेपाल कृषि अनुसन्धान परिषद्मा कृषि विशेषज्ञ, वैज्ञानिकलगायतका जनशक्तिको कमी रहेको, वित्तीय स्रोतको व्यवस्थापन कमजोर रहेको, जग्गाको पूर्ण उपयोग नभएको, कृषि विकासमा लगानी भित्र्याउन नसकिएको, अन्तर्राष्ट्रिय अभ्यासलाई अनुसरण गर्ने सबल संयन्त्र विकास गर्न नसकेको, कानुनी तथा नीतिगत एकरूपता कायम गर्न नसकेको साथै कृषि अनुसन्धान र विकास प्राथमिकतामा नपरेको लगायतका बेहोराहरू देखिएका छन्।

नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन



नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानको कार्यसम्पादन विषयक कार्यमूलक लेखापरिक्षणबाट प्रतिष्ठानले आफ्नै नानो-स्याटेलाइट (नेपाली स्याट-१) अन्तरिक्षमा प्रक्षेपण गरी नेपाललाई अन्तरिक्ष युगमा प्रवेश गराउनुका साथै प्लास्टिक फोहोरबाट पेट्रोल उत्पादन गर्ने प्रविधिको सफल परीक्षण, ग्रामीण क्षेत्रमा ऊर्जा दक्षता बढाउन र धुवाँमुक्त घर बनाउन सुधारिएको चुलो र बायो-ब्रिकेट प्रविधिको प्रवर्धन, आफ्नै प्रयोगशालाहरु मार्फत साना तथा मझौला प्रविधि विकास गर्ने, युवा वैज्ञानिकहरूलाई पुरस्कृत गरी प्रोत्साहन गर्ने, स्थानीय र मौलिक प्रविधिहरुको संकलन र प्रदर्शन गर्ने कार्य गर्दै विज्ञान तथा प्रविधिको अनुसन्धान र विकासमा प्रतिष्ठानले महत्वपूर्ण योगदान पुऱ्याए तापनि अनुसन्धान र विकासकालागि पुराना कानुनी र संरचनागत आधार, वित्तीय र प्रशासनिक स्वायत्तताको कमी रहेको, राज्यको नीति अनुरुप नयाँ कानुन र संरचनाहरु निर्माण नभएको, दक्ष जनशक्ति अभाव, प्रतिभा पलायन लगायतका बेहोराहरु देखिएका छन्।

पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति



पुष्पलाल (मध्यपहाडी) लोकमार्गको निर्माण स्थिति विषयको कार्यमूलक लेखापरीक्षणबाट मध्यपहाडी जिल्लाहरुमा यातायातको सहज पहुँच विस्तार गरी आर्थिक रुपमा न्यून आय भएका बस्तीहरुलाई सडक सञ्जालसँग जोड्दै व्यापार, कृषि, पर्यटन तथा आर्थिक विकास प्रवर्धन गर्ने उद्देश्यका साथ सञ्चालित यस आयोजनाले अपेक्षाकृत उपलब्धि हासिल गर्न नसकेको, संशोधित कार्यतालिकाअनुसार २०८४।८५ भित्र आयोजना सम्पन्न गर्ने लक्ष्य रहेकोमा २०८१।८२ सम्ममा आयोजनाको भौतिक प्रगति ८२ प्रतिशत रहेको, पर्याप्त पूर्व तयारी, कार्यतालिका पालना, अन्तरनिकाय समन्वय तथा विवाद समाधान जस्ता पक्ष कमजोर रहेको, राष्ट्रिय निकुञ्ज तथा वन क्षेत्रमा रेखाङ्कनको टुङ्गो नहुँदा आयोजना निर्धारित अवधिमा सम्पन्न नभई समय र लागतमा वृद्धि भएको जस्ता बेहोराहरु देखिएका छन्।

राष्ट्रिय राजमार्गहरूको मर्मत, सम्भार स्थिति -



राष्ट्रिय राजमार्गहरुको मर्मत, सम्भार स्थिति विषयको कार्यमूलक लेखापरिक्षणबाट सडक मर्मतसम्भार कार्यका लागि आवश्यक नीतिगत तथा कानुनी व्यवस्था नभएको, सडक बोर्ड ऐन, २०५८ मा उल्लेख भएअनुसार मर्मत, सम्भार खर्च न्यूनीकरणका लागि कार्ययोजना बनाउने, कोषको रकम प्राथमिकताअनुसार सडक सुरक्षा कार्यमा खर्च गर्ने, सवारी साधनको भारवहन मापदण्ड कार्यान्वयन गर्ने, अनुसन्धान गर्ने तथा नियम उल्लंघनमा जरिबाना गर्नेलगायतका व्यवस्था व्यवहारमा लागु नभएको, नियमित मर्मत भए तापनि सडक मर्मत कार्यमा संलग्न निकायहरुबिच समन्वय अभाव रहेको, योजना निर्माण तथा प्राथमिकता निर्धारणमा कमजोरी रहेको, आवश्यक बजेट विनियोजन नभएको तथा उपलब्ध स्रोतको प्रभावकारी उपयोग नभएको, सडक मर्मतका कार्यहरु समयमै सम्पन्न नभई पटक पटक म्याद थप हुने प्रवृत्ति रहेको, अनुगमन तथा गुणस्तर नियन्त्रण प्रणाली कमजोर रहेको र आधुनिक प्रविधिमा आधारित सडक सम्पत्ति व्यवस्थापन प्रणालीको अभाव रहेको जस्ता बेहोरा देखिएका छन्।

विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता



विद्यालय शिक्षा क्षेत्र योजनाको प्रभावकारिता विषयको कार्यमूलक लेखापरिक्षणबाट विद्यालय क्षेत्र विकास कार्यक्रममार्फत भौतिक पहुँचमा क्रमिक सुधार देखिए तापनि संघीय शिक्षा ऐनको अभावमा विनियोजित बजेटको न्यून परिचालन, शैक्षिक सूचना व्यवस्थापन प्रणालीको तथ्याङ्क र वास्तविक उपस्थितिबिचको अन्तरले छात्रवृति, दिवा खाजा र पाठ्यपुस्तकको बजेट खर्च, विद्यालयको समायोजन तथा एकीकरण, विद्यालयको भौतिक पूर्वाधार निर्माण, वर्तमान अवस्थामा दूर शिक्षा कार्यक्रमको सान्दर्भिकता र नियमिततामा चुनौती थपिएको जस्ता बेहोरा देखिएका छन्।

वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता



वैकल्पिक ऊर्जाको उपयोग र प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कुल ऊर्जा आपूर्तिमा नवीकरणीय ऊर्जाको हिस्सा उल्लेख्य मात्रामा वृद्धि हुन नसकेको, केन्द्रबाट घरायसी बायोग्यास, वैकल्पिक ऊर्जाको लागि तय गरिएका नीति तथा रणनीतिहरुको प्रभावकारी कार्यान्वयन हुन नसकेको, आवधिक योजना र बजेट तथा कार्यक्रमबिच उचित तादात्म्यता नरहेको, दिगो विकास लक्ष्य हासिल गर्न तय गरिएका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन एवं अनुगमन तथा मूल्यांकन हुन नसकेको र केन्द्रलाई प्राप्त सरकारी बजेट र वैदेशिक सहायताको समुचित परिचालन हुन नसकेको, विगतमा जडान भएका ऊर्जा प्रविधिहरु आफ्नो क्षमताअनुसार पूर्ण रुपमा सञ्चालनमा आउन नसकेको, सञ्चालित सबै ऊर्जा प्रविधिहरुले मुलुकको ऊर्जा माग पूर्ण रुपमा पूरा गर्न नसकेको लगायतका बेहोरा देखिएका छन्।

व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता



व्यावसायिक सिप विकास तालिमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट तालिम प्रदायक संस्था र अनुसन्धानमूलक निकायको क्षमता अभिवृद्धि हुन नसकेको, कार्य योजना तर्जुमा गरी परिमाणात्मक लक्ष्यसहित तालिम कार्यक्रम सञ्चालन हुन नसकेको, तालिमपश्चात सहभागीहरुको रोजगारी प्राप्तिको दर, आय वृद्धि, व्यवसाय स्थापनाको स्थिति तथा उद्यम सञ्चालनको दिगोपना जस्ता विषय नियमित रुपमा अनुगमन गरी तालिम पश्चात् स्वरोजगारी र रोजगारमा संलग्न प्रशिक्षार्थीहरुको विस्तृत प्रोफाइल तयार नगरेको लगायतका बेहोरा देखिएका छन्।

सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता



सामाजिक सुरक्षा भत्ता कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा प्रयोगमा ल्याइएका सूचना प्रणालीको नियमित मर्मतसम्भार र समयानुकूल स्तरोन्नतिको अभाव, ज्येष्ठ नागरिकको औंठाको रेखाङ्कन रुजु नहुने, रेठिना स्क्यान उपकरणको अभाव र प्रणालीसँग आबद्धता नभएकोले अपलोड गरेका कागजातहरु स्वत: हट्ने हुँदा पुन: अपलोड गर्नुपर्ने र डाटा रुजु नहुने कारणले सेवा प्रवाहको लागत र समय वृद्धि हुने गरेको, प्रत्येक वर्ष लाभग्राही संख्या बढ्दै जानु, लाभग्राहीको उमेर र समूहमा फेरबदल, भत्ता दरमा परिवर्तन तथा सामाजिक सुरक्षा भत्तालाई आवश्यकतामा आधारित बनाउन नसक्नु लगायतका कारणले सामाजिक सुरक्षाको दायित्व बढ्दै गएको, लाभग्राहीको अभिलेख अद्यावधिक नभएको, विद्युतीय भुक्तानी प्रणाली व्यवस्थित नभएको , राज्यबाट सुविधा लिएका नागरिकलेसमेत सामाजिक सुरक्षा भत्ता प्राप्त गरेको लगायतका बेहोरा देखिएका छन्।

स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली



स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली विषयको कार्यमूलक लेखापरीक्षणबाट स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) बाट स्थानीय राजस्व सङ्कलन गर्न सक्ने व्यवस्था भएकोमा अधिकांश स्थानीय तहले सोको पूर्ण कार्यान्वयन नगरेका, अधिकांश स्थानीय तहको आन्तरिक आयले चालु खर्च धान्न नसकेको, अनुमान अनुसार आय सङ्कलन हुन नसकेको, राजस्वका करका दर निर्धारणको आधारमा वैज्ञानिक विधि प्रयोग नगरी फरक फरक प्रयोग हुँदा एकै प्रकृतिको भौगोलिक क्षेत्र र अवस्थामा रहेका स्थानीय तहको राजस्व सङ्कलनमा विविधता रहेको, राजस्व छुटसम्बन्धी व्यवस्था कानुनद्वारा व्यवस्थित नगरिएको, बक्यौता राजस्व असुल हुन नसकेको, राजस्व आम्दानी र दाखिला भिडान हुने गरी अभिलेखाङ्कन नगरेको र राजस्वको सम्भाव्यता अध्ययन सहित दायरा विस्तार गर्ने कार्य हुन नसकेको, स्थानीय तहको राजस्व प्रशासन र सङ्कलन प्रणाली दक्षतापूर्ण र प्रभावकारी हुन नसक्दा अपेक्षित राजस्व अभिवृद्धि हुन नसकेको लगायतका बेहोराहरु देखिएका छन्।

स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता



स्वास्थ्य बिमा कार्यक्रमको प्रभावकारिता विषयको कार्यमूलक लेखापरीक्षणबाट कार्यक्रममा हाल सक्रिय रुपमा बिमामा आबद्ध परिवार ३० प्रतिशत र बिमितको जनसंख्या २०.५ प्रतिशत मात्र रहेको, बिमा बोर्डको संरचना अस्थायी प्रकृतिको रहेको, स्रोत साधन र जनशक्तिको प्रर्याप्त व्यवस्था हुन नसकेको, बिमितहरुको बढ्दो दाबीसँगै दाबी परीक्षण कार्य शृंखलाहत र समयभित्र सम्पन्न गर्न चुनौतीपूर्ण रहेको, दाबी भुक्तानीमा प्रिमियमको योगदान न्यून रहेको, सेवाप्रदायक संस्थाहरुबाट गरिएको दाबी समयमै पूर्णरुपमा भुक्तानी हुन नसकेको, सबै बिमितले औषधी पर्याप्तिरुपमा प्राप्त गर्न नसकेको, बिमा कार्यक्रममा दोहोरोपना देखिएको, दाबी अस्वीकृति दर वृद्धि हुँदै गएको, सबै उमेर समूहमा बिमाको दायरा विस्तार हुन नसकेको, राष्ट्रसेवक तथा प्रतिष्ठानमा कार्यरत सबै कर्मचारीलाई बिमामा आबद्ध गर्न नसकिएको, प्रदेशगत रुपमा बिमामा सहभागिता असन्तुलित रहेको लगायतका बेहोरा देखिएका छन्।

प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन



प्रदेश सरकारी कार्यालयको सम्पत्ति व्यवस्थापन विषयको कार्यमूलक लेखापरीक्षणबाट प्रदेशले सार्वजनिक सम्पत्ति व्यवस्थापनमा छुट्टै नीति तथा कानुन तर्जुमा नगरेका, प्रदेश सरकार मातहतका सरकारी जग्गा र पूर्वाधारजन्य सम्पत्तिको अभिलेख तथा सबै सरकारी भवन संरचना, मेसिनरी उपकरण र अन्य स्थिर सम्पत्तिको लेखाङ्कन नगरेको, सम्पत्ति लेखाङ्कनमा फरक परेको, कानुनी व्यवस्थाबमोजिम सबै सम्पत्तिको मूल्य कायम नभएको, खारेज भएका कार्यालयको सम्पत्ति हस्तान्तरण नभएको, जिन्सी तथा सम्पत्तिको उपयोग र व्यवस्थापन प्रभावकारी नभएको लगायतका बेहोराहरु देखिएका छन्।

स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग



स्वास्थ्य उपकरणको प्राप्ति तथा उपयोग विषयको कार्यमूलक लेखापरीक्षणबाट अस्पतालहरुमा उपकरणको लागि पर्याप्त बजेट व्यवस्था नभएको, ठेक्का व्यवस्था आर्थिक वर्षको अन्त्यतिर हुने गरेको, उपकरणहरु मर्मत तथा जनशक्तिको अभावमा लामो समयदेखि प्रयोगविहीन अवस्थामा रहेका, अस्पतालका उपकरणहरु लामो समयसम्म लिलाम बिक्री नभएका लगायतका बेहोराहरु देखिएका छन्।

वातावरणीय लेखापरीक्षण

राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव



राष्ट्रिय निकुञ्ज व्यवस्थापन र मध्यवर्ती क्षेत्रमा परेको प्रभाव विषयको कार्यमूलक लेखापरीक्षणबाट राष्ट्रिय निकुञ्जको सञ्चालन तथा व्यवस्थापनको सन्दर्भमा निर्माण भएका कानुनी तथा नीतिगत व्यवस्था, सरकारका नीति तथा कार्यक्रम, आवधिक योजना र बजेट व्यवस्था प्रभावकारी नहुँदा राष्ट्रिय निकुञ्ज तथा मध्यवर्ती क्षेत्र लगायत संरक्षित क्षेत्रहरुमा जैविक विविधता संरक्षणमा चुनौती, वन्यजन्तुको संख्यामा वृद्धि, यसबाट सिर्जित बढ्दो मानव-वन्यजन्तु द्वन्द्व, रोजगारीको न्यून अवसर जस्ता बेहोराहरु देखिएका छन्।

विशेष लेखापरीक्षण

सार्वजनिक खरिद र मध्यस्थता



सार्वजनिक खरिद र मध्यस्थता विषयको विशेष लेखापरीक्षणबाट विगत पाँच वर्ष (२०७७।७८ देखि २०८१।८२ सम्म) मा सार्वजनिक निकायहरुबाट कार्यान्वयनका क्रममा रहेकामध्ये १६० खरिद सम्झौतामा विवाद भई निर्माण व्यवसायी, आपूर्तिकर्ता तथा परामर्शदाताहरुले रु.११ अर्ब ९२ करोड १८ लाख र अमेरिकी डलर १ करोड २९ लाख १० हजारको दाबी पेश गरेकोमा मध्यस्थमार्फत रु.४ अर्ब ४४ करोड ६६ लाख र अमेरिकी डलर ६३ लाख १८ हजार भुक्तानी दिने निर्णय भएको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ५९ बमोजिम निर्माण व्यवसायीको लापरबाहीको कारणबाट खरिद सम्झौता अन्त्य गरिएकोमा क्षतिपूर्ति लिनुपर्ने व्यवस्था भए पनि व्यवहारमा नियोक्ताले नै वित्तीय दायित्व बेहोर्नु परेको, आर्थिक वर्ष २०७८।७९ मा कोभिड-१९ सँग सम्बन्धित स्वास्थ्य सामग्री आपूर्ति ठेक्कामा आपूर्तिकर्ताले ३० मार्च २०२० सम्म १८.२१ प्रतिशत मात्र सामान आपूर्ति गरेकोले नियोक्ताले अमेरिकी डलर ५ लाख १६ हजार ९२२ को कार्यसम्पादन जमानत जफत गरेको तर मध्यस्थले नियोक्ताले ढुवानी सहजीकरण नगरेको उल्लेख गरी जमानत रु. ६ करोड २५ लाख र ब्याज रु. १ करोड ३१ लाखसहित फिर्ता गर्नुपर्ने र आपूर्ति भएको सामानको मूल्य रु. २७ करोड ६५ लाख थप भुक्तानी दिनुपर्ने निर्णय गरेको जस्ता बेहोरा देखिएका छन्।



प्रदेश मन्त्रालय तथा निकाय

प्रदेश मन्त्रालय तथा निकाय

सरकारी कार्यालयको लेखापरीक्षण

वित्त हस्तान्तरण

क. वित्तीय समानीकरण

(रु. हजारमा)



ख. सशर्त

(रु. हजारमा)



ग. समपूरक

(रु. हजारमा)



जम्मा ४,५३,८६,४९

घ. विशेष

(रु. हजारमा)



ङ. राजस्व बाँडफाँट

(रु. हजारमा)



राजस्व अनुमान र प्राप्ति

(रु. हजारमा)



जम्मा	१,३४,६९,७१,८०		१,०८,५५,३४,२८		८०.५९	

प्रदेश सरकारको राजस्वको आधार तथा क्षेत्रगत असुली अनुमानको तुलनामा न्यून रहेको छ।

प्रदेश आन्तरिक स्रोत परिचालन

(रु. हजारमा)



जम्मा प्रतिशत ६४.९१

बजेट तथा खर्च





जम्मा बजेट तथा खर्च

(रु. हजारमा)

जम्मा प्रतिशत ७१.३२



कायम बजेट
२,७८,७३,९३,४५



चालु खर्च
७७,८१,४२,९५



पुँजीगत खर्च
१,२०,९८,८८,०५



कुल खर्च
१,९८,८०,३१,००

यो वर्षको बेरूजु विवरण (२०८१/८२)

(रु. हजारमा)



कोशी	मधेश	बागमती	गण्डकी	लुम्बिनी	कर्णाली	सुदूरपश्चिम
५२,३८,४९,७९	४९,६९,३९,४३	८३,१५,६३,७८	४१,४५,८१,३२	५७,२०,१४,२४	३७,१९,८०,७६	३९,४९,९१,५५

कुल लेखापरीक्षण रकम

३,६०,५९,२०,८७

लेखापरीक्षण गरिएका कार्यालय सङ्ख्या

१२५७



कुल बेरूजु रकम **५,८५,४२,१३**

पेस्की बाहेक बेरूजु रकम **४,९०,३३,९८**

अद्यावधिक बेरूजु

कोशी प्रदेशको अद्यावधिक बेरूजु स्थिति

(रु. हजारमा)



मधेश प्रदेशको अद्यावधिक बेरूजु स्थिति

(रु. हजारमा)



बागमती प्रदेशको अद्यावधिक बेरूजु स्थिति

(रु. हजारमा)



गण्डकी प्रदेशको अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)



लुम्बिनी प्रदेशको अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)



कर्णाली प्रदेशको अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)



सुदूरपश्चिम प्रदेशको अद्यावधिक बेरुजु स्थिति

(रु. हजारमा)





स्थानीय तह

स्थानीय तह

समग्र आय व्यय

(७२१ स्थानीय तह)



कुल आय र खर्च

कुल आय रू. ६ खर्ब ३३ अर्ब ४० करोड १ लाखमध्ये कुल रू. ५ खर्ब ५९ अर्ब ६२ करोड ४१ लाख खर्च भएको

चालु खर्च

रू. २ खर्ब ७० अर्ब ४ करोड ५८ लाख



अन्य खर्च

रू. १ खर्ब ४७ अर्ब ८ करोड ५७ लाख

पुँजीगत खर्च

रू. १ खर्ब ४२ अर्ब ४९ करोड २६ लाख

यो वर्ष लेखापरीक्षण भएका ७२१ स्थानीय तहको २०८१।८२ को



कुल आन्तरिक आय

रू. ३४ अर्ब ३० करोड ३२ लाख



सङ्घ तथा प्रदेश सरकारबाट राजस्व बाँडफाँट

रू. ८५ अर्ब ५६ करोड

नोट : *गत वर्षको मौज्दात रु.७७ अर्ब ३८ करोड ७८ लाखसमेत आन्तरिक स्रोततर्फ रु.१ खर्ब ९७ अर्ब २५ करोड १० लाख प्राप्त भएको छ।*

स्थानीय तह लेखापरीक्षण

लेखापरीक्षण, बेरूजु र लेखापरीक्षणको क्रममा असुली



नोट :

१. *यो वर्ष लेखापरीक्षणबाट औल्याइएपछि ४९१ स्थानीय तहले रु. ३२ करोड १९ लाख र प्रारम्भिक प्रतिवेदन जारी गरेपछि ५०२ स्थानीय तहले रु. ४७ करोड ९६ लाख समेत रु. ८० करोड १४ लाख असुली गरेका छन् ।*

२. *गत विगत वर्षको बेरूजु सम्परीक्षणको क्रममा ४८२ स्थानीय तहबाट रु. १ अर्ब १ करोड ८७ लाख समेत यो वर्ष कुल रु.१ अर्ब ८२ करोड १ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ ।*

आ.व. २०८१/८२ को बेरूजु वर्गीकरण



अनुदान (२०८१/८२)

(रु. लाखमा)

सङ्घीय सरकारबाट हस्तान्तरित



जम्मा २,७२,६०,७६

प्रदेश सरकारबाट हस्तान्तरित



जम्मा २६,४६,७२



लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थिति

लेखापरीक्षण

नेपालको संविधानको धारा २४१ मा सङ्घीय र प्रदेश तहका सबै सरकारी कार्यालय, स्थानीय तह तथा सङ्घीय कानुनद्वारा तोकिएका अन्य संस्थाको निर्धारित तरिकाबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। सोबमोजिम यो वर्ष ५ हजार ५२६ कार्यालयको लेखापरीक्षण सम्पन्न गरिएको छ। लेखापरीक्षणबाट रू. ९५ अर्ब २७ करोड ८ लाख बेरुजु औंल्याइएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपश्चात् सम्बन्धित निकायहरूले पेस गरेको प्रमाण तथा प्रतिक्रियाबाट रू. ७ अर्ब १७ करोड ९७ लाख सम्परीक्षण भई देहायबमोजिम रू. ८८ अर्ब ९ करोड ११ लाख बेरुजु बाँकी रहेको छ ।



बेरुजु फर्स्यौट तथा सम्परीक्षण (आ.व. २०६०/६१ देखि २०८१/८२ सम्मको स्थिति)

(रु. लाखमा)



प्रदेश सरकारी कार्यालयहरू

(रु. लाखमा)



स्थानीय तह

(रु. लाखमा)



समिति र अन्य संस्था (प्रदेश समेत)

(रु. लाखमा)



लेखापरीक्षणको प्रभाव

यो वर्षको लेखापरीक्षणको क्रममा प्रारम्भिक प्रतिवेदन पठाएपछि तथा विगतको बेरुजु सम्परीक्षण गर्दा निम्नानुसार रु. १४ अर्ब ६३ करोड २७ लाख असुल भई सम्बन्धित राजस्व खातामा दाखिला भएको छ ।

सङ्घीय सरकारी कार्यालयहरू

(रु. हजारमा)



लेखापरीक्षणको क्रममा असुली
१९,०१,३१

प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली
१७,६४,७७

सम्परीक्षणको क्रममा असुली
११,६५,९५,९५

प्रदेश कार्यालयहरू

(रु. हजारमा)



लेखापरीक्षणको क्रममा असुली
३,७३,५८

सम्परीक्षणको क्रममा असुली
१५,१८,८०

प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली
४,५६,४२

स्थानीय तह

(रु. हजारमा)



लेखापरीक्षणको क्रममा असुली
३२,१८,०१

सम्परीक्षणको क्रममा असुली
१,०१,८७,४५

प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली
४७,९६,३७

समिति र अन्य संस्था

(रु. हजारमा)



लेखापरीक्षणको क्रममा असुली
२,७५,९८

प्रारम्भिक प्रतिवेदन पठाएपछि असुली
२०,३०,२५

सम्परीक्षणको क्रममा असुली
३२,०८,१०

जम्मा असुली
५५,१४,३३

भविष्यमा गर्नुपर्ने सुधार



शासकीय प्रबन्ध



- कानुन तर्जुमा तथा कार्यान्वयन
- सङ्घीयता कार्यान्वयन तथा समन्वय
- नियमन तथा संस्थागत क्षमता
- सबै कानुन संविधान अनुकुल हुनेगरी परिमार्जन वा तर्जुमा गर्नुपर्ने
- सूचना प्रविधि, जग्गा प्राप्ति र पुरातात्विक पुनर्निर्माण खरिदमा समयानुकुल सुधार गर्नुपर्ने
- सबै सरकारी कोषलाई संवैधानिक एवं कानुनी प्रावधानबमोजिम सञ्चालन गर्नुपर्ने
- संघ, प्रदेश र स्थानीय तहको अधिकार बाँडफाँट र कार्यविभाजनलाई व्यवहारमा स्पष्ट पार्नुपर्ने
- तीनै तहको अधिकार क्षेत्र संविधानबमोजिम स्पष्ट गर्नुपर्ने
- नियामक निकायको संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने
- तालुक वा नियमनकारी निकायले प्रदान गर्ने रायमा एकरुपताका लागि मापदण्ड तयार गर्नुपर्ने

अर्थतन्त्र

- दिगो तथा आत्मनिर्भर अर्थतन्त्र
- कर्जा, लगानी तथा पुँजी निर्माण
- उद्योग, व्यापार तथा लगानी वातावरण
- कर तथा राजस्व प्रणाली
- आन्तरिक उत्पादन वृद्धि गर्न स्पष्ट नीति तय गर्नुपर्ने
- डिजिटल भुक्तानी प्रणालीमार्फत सबै आर्थिक क्रियाकलाप औपचारिक दायरामा ल्याउनुपर्ने
- गुणस्तरीय पर्यटकीय पूर्वाधार निर्माण गरी वैदेशिक मुद्रा आर्जनमा जोड दिनुपर्ने
- निजी र वैदेशिक लगानी आकर्षित गर्न लगानीमैत्री वातावरण बनाउनुपर्ने
- प्रविधिमैत्री उद्यमशीलतालाई प्रोत्साहन गर्नुपर्ने
- कर प्रणालीलाई पूर्वानुमानयोग्य बनाउनुपर्ने
- जटिल र बहुदरयुक्त कर संरचना पुनरावलोकन गर्नुपर्ने
- आयोजनामा दिइएको कर छुटको प्रभाव विश्लेषण गर्नुपर्ने



सार्वजनिक प्रशासन



- मानव पुँजी निर्माण
- सार्वजनिक सेवा प्रवाह
- बहुसिपयुक्त जनशक्ति तयार गर्न पेसागत शिक्षा र क्षमता विकासका कार्यक्रम सञ्चालन गर्नुपर्ने
- सेवा आकर्षण गर्न तथा जनशक्ति व्यवस्थापन गर्न दरबन्दीमा पुनरावलोकन गर्नुपर्ने
- निकायगत जनशक्ति बढी भएमा अन्य निकायमा समायोजन गर्ने व्यवस्था मिलाउनुपर्ने
- विद्यालय शिक्षामा गुणस्तरीयता ल्याउन उत्प्रेरक कार्यसम्पादन प्रणाली लागु गर्नुपर्ने
- थप अध्ययन र परीक्षण गरी कर्मचारीमा उत्प्रेरक विधि लागु गर्नुपर्ने
- कर्मचारीको व्यावसायिक दक्षता अभिवृद्धि गर्न निश्चित सेवा अवधिपश्चात् अनिवार्य तालिम लिनुपर्ने कानुनी व्यवस्था गर्नुपर्ने
- कार्यसमयमा लचकता तथा बहु कार्यालयको जिम्मेवारी दिने सम्बन्धी व्यवस्था गर्नुपर्ने
- सेवा प्रवाहलाई प्रभावकारी बनाउन नागरिक सचेतना अभिवृद्धि गर्नुपर्ने

सार्वजनिक सम्पत्तिको व्यवस्थापन

- सार्वजनिक सम्पत्तिको अभिलेख, संरक्षण र उपयोग
- सार्वजनिक सम्पत्तिको अभिलेख व्यवस्थापन भरपर्दो र पारदर्शी बनाउनुपर्ने
- मौजुदा जिन्सी सामान मर्मत गरेर उपयोग हुन नसक्ने यकिनपश्चात् मात्र नयाँ खरिद गर्नुपर्ने
- सम्पन्न/विघटित आयोजनाका यन्त्र-उपकरण र सम्पत्तिको अभिलेख राखी अन्यत्र हस्तान्तरण गर्नुपर्ने
- राष्ट्रिय महत्त्वका अभिलेख/दस्तावेजको डिजिटाइजेसनलगायतका विधि प्रयोग गरी सुरक्षित राख्नुपर्ने
- सार्वजनिक र गुठी जग्गाको अत्युत्तम उपयोग हुने व्यवस्था मिलाउनुपर्ने
- क्षतिपूर्ति वितरण भइसकेका जग्गा सरकारी स्वामित्वमा ल्याई अभिलेख, संरक्षण र उपयोग गर्नुपर्ने
- प्राकृतिक स्रोतको नक्साङ्कन, पहिचान, अभिलेख र आयोगको कानुनी/नीतिगत प्रबन्ध मिलाउनुपर्ने
- निकायको कानुनी मान्यता समाप्त भएमा सोको जिन्सी र स्रेस्ता व्यवस्थापन गर्नुपर्ने



सार्वजनिक वित्त व्यवस्थापन



- बजेट विनियोजन
- सार्वजनिक खर्च तथा अनुशासन
- वैदेशिक सहायता
- सार्वजनिक ऋण व्यवस्थापन
- सरकारी अनुदान व्यवस्थापन
- लेखाङ्कन तथा प्रतिवेदन
- आन्तरिक नियन्त्रण तथा लेखापरीक्षण
- प्रतिफल दिने आयोजनामामात्र बजेट विनियोजन गर्नुपर्ने
- सामाजिक सुरक्षा कार्यक्रमको दीर्घकालीन दायित्वलाई अनुमानयोग्य बनाउनुपर्ने
- अनुत्पादक र वितरणमुखी खर्च नियन्त्रण गर्नुपर्ने
- वैदेशिक सहायतालाई राष्ट्रिय आवश्यकता र बजेट प्रणालीभित्र समेटेर मात्र स्वीकार गर्नुपर्ने
- आन्तरिक ऋण कम लागतमा उपयोग गर्न विश्लेषण गर्नुपर्ने
- अनुदान वितरणलाई उत्पादन र रोजगारीसँग प्रत्यक्ष जोड्नुपर्ने

विकास व्यवस्थापन

- आवधिक योजना र दिगो विकास लक्ष्य
- आयोजना व्यवस्थापन
- सार्वजनिक खरिद व्यवस्थापन
- आवधिक योजना र दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गर्नुपर्ने
- आयोजना बैङ्कमा रहेका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्ने
- आयोजना प्रमुखको सरुवा व्यवस्थित गर्नुपर्ने
- खरिद व्यवस्थापन पारदर्शी र मितव्ययी बनाउनुपर्ने
- उपभोक्ता समितिबाट जटिल र प्राविधिक ज्ञान आवश्यक पर्ने कार्य गराउने अभ्यास रोक्नुपर्ने
- प्राकृतिक विपद्को प्रभाव न्यूनीकरण गर्ने प्रणाली विकास गर्नुपर्ने



सूचना प्रविधि



- सूचना प्रविधिको विकास, प्रयोग र सुरक्षा
- सूचनाको सुरक्षा गर्न र साइबर सुरक्षाको लागि सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने
- विद्युतीय उपकरणको आवश्यकता पहिचान, विकास र खरिदका लागि मापदण्ड तयार गर्नुपर्ने
- सरकारी डिजिटल सेवाको सेवास्तर सम्झौता र गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्ने
- नागरिक सेवासँग प्रत्यक्ष नजोडिने निकायमा डिजिटल कार्यस्थल व्यवस्था गर्नुपर्ने
- सूचनाको गोपनीयता, शुद्धता र उपलब्धता सुनिश्चित गर्न सूचना प्रविधि लेखापरीक्षण गर्नुपर्ने
- सेवालाई निरन्तर सञ्चालन गर्न सङ्गठनात्मक तथा सुरक्षात्मक तयारीको विकास गर्नुपर्ने
- सरकारी सूचना प्रणालीहरू आधिकारिक निकायमा दर्ता र प्रमाणीकरण हुनुपर्ने र भल्नराबिलिटी एसेसमेन्ट एण्ड पेनेट्रेसन टेस्ट अनिवार्य गर्नुपर्ने
- विद्युतीय शासन प्रणाली सञ्चालन गर्न सार्वजनिक निकायहरूले प्रयोग गर्ने सफ्टवेयरलाई व्यवस्थित एवं अद्यावधिक गर्न कानुनी व्यवस्था गर्नुपर्ने

सुशासन

- वित्तीय जवाफदेहिता
- नैतिकता र सदाचारिता प्रवर्धन
- मितव्ययिताको उदाहरण प्रस्तुत गर्ने कार्यालयलाई पुरष्कृत गर्नुपर्ने
- कानुनबमोजिम मात्र सेवा सुविधा उपलब्ध गराउनुपर्ने
- बेरुजुलाई जिम्मेवार व्यक्तिको कार्यसम्पादन र वृत्ति विकाससँग आबद्ध गर्नुपर्ने
- सार्वजनिक सुनुवाइ तथा गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाउनुपर्ने
- कर्मचारीहलाई सेवाग्राहीका गुनासो र आवश्यकताप्रति जवाफदेही बनाउनुपर्ने
- सार्वजनिक सेवाको पारदर्शिता र जवाफदेहिता सुनिश्चित गर्नुपर्ने
- कार्य सम्पादन करार गर्दा बेरुजु फर्स्यौट तथा फरफारक गर्ने विषयसमेत समावेश गर्नुपर्ने
- समाजमा नैतिक पूर्वाधार निर्माण गर्न विद्यालय तहको पाठ्यक्रममा नैतिक शिक्षा र नागरिक कर्तव्य विषयहरू समावेश गर्नुपर्ने



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौँ
नेपाल